मध्यमाञ्चल क्षेत्र

मानवअधिकार स्थितिसूचक

वर्ष २, अङ्क २
भदौ २०६९

विगत तीन महिनाको मानवअधिकार स्थिति
(अप्रिल-जुन २०१२)



मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
मध्यमाञ्चल क्षेत्रीय कार्यालयद्वारा प्रकाशित

सल्लाहकार
कृष्ण गौतम

संयोजन/सम्पादन
राजु पासवान

फोटो
इन्सेक जिल्ला प्रतिनिधि

ललितपुर उमनपा-३, पुल्चोक, पोष्ट बक्स नं. २७२६, काठमाडौं, नेपाल

फोन : ५५५०९६१, ५५२६४६६

फ्याक्स : ५५३१७०१

email : kathmandu@insec.org.np

Website: www.inseconline.org

मानवअधिकार सुरक्षा विश्लेषण

यो तीन महिनाको अवधिमा हत्या, अपहरण, कुटपिट, धम्की, बलात्कार तथा बलात्कार प्रयास, दाइजोका कारण हत्या, बोक्सीको आरोपमा कुटपिट तथा दुर्व्यवहार, बहुविवाह तथा घरेलु हिंसालगायतका घटनामा कुनै कमी नआएको तथ्याङ्कले देखाएको छ। अभिलेखित घटनाको तथ्याङ्कअनुसार यस तीन महिनामा गैर राज्य पक्षबाट २८ जनाको हत्या भयो। त्यसैगरी राज्यपक्षबाट गरिएको बेपत्ता बनाउने कार्यबाट एक जना, अपहरणको घटनामा गैरराज्य पक्षबाट छ जना, गिरफ्तारी र यातनाका घटनामा १७ जना तथा बालअधिकारका घटनामा २३ जना पीडित भए। गैरराज्यपक्षबाट भएका महिला अधिकारका घटनामा ४६ जना पीडित भएका घटनासमेत अभिलेख गरिएको छ। काठमाडौँमा सर्वोच्च अदालतका न्यायाधीश रणबहादुर बमको गोली हानी हत्या भयो। मिथिला राज्यको माग गर्दै आन्दोलनरत मिथिला राज्य सङ्घर्ष समितिले जनकपुरमा गरेको शान्तिपूर्ण धर्नामा गराइएको बम विस्फोटमा पाँच जनाको मृत्यु र ३५ जना घाइते भए।

एकल जातीय पहिचान सहितको सङ्घीयताको माग गर्दै आदिवासी जनजाति महासङ्घले ०६५ जेठ ७, ८ र ९ गते आह्वान गरेको नेपाल बन्दका क्रममा महासङ्घका कार्यकर्ताहरूले सञ्चारमाध्यममा आक्रमण तथा तोडफोड गरे। महासङ्घले गरेको बन्दको विरुद्ध विभिन्न स्थानमा गरिएको प्रतिकारका घटनाले आमजनमानसमा त्रास सिर्जना गरेको थियो। महासङ्घका कार्यकर्ताहरूले राष्ट्रिय मानवअधिकार आयोगका मानवअधिकार अधिकृत जीवन न्यौपाने र श्रीराम अधिकारीलगायत विभिन्न सञ्चारमाध्यमका सञ्चारकर्मीमाथि आक्रमण गेरेको घटना पनि अभिलेख छ।

कमजोर सुरक्षा व्यवस्थाका कारण आपराधिक घटनाहरू बढिरहेका छन्। विभिन्न आपराधिक घटनामा सङ्लग्न आरोपितहरूमाथि पनि कारबाही हुन सकेको छैन भने सरकार तथा सुरक्षा निकायहरू पनि जिम्मेबार देखिएका छैनन् जसले गर्दा दण्डहीनता बढेर गएको छ। कानुनी शासनको अभावका कारण नागरिकले सुरक्षा र न्यायको अनुभूति गर्न सकेका छैनन्। असुरक्षा, दण्डहीनता, सुरक्षा निकायमा जिम्मेवारीको कमी, राजनीतिक हस्तक्षेप, कानुनी राज्यको अभाव जस्ता सवालहरूले सुरक्षा र न्यायका क्षेत्रमा चुनौती सिर्जना गर्न सक्छन्।

तसर्थ, यस्तो परिस्थितिमा न्यायिक तथा सुरक्षा निकायलाई सबल तथा सक्षम बनाउन तथा आमनागरिकलाई उनीहरूको कर्तव्य बोध गराउनका लागि सचेतना अभिवृद्धि गर्न तथा एउटा सभ्य एवम् सक्षम राष्ट्रका रूपमा नेपाललाई स्थापित गर्नु आजको आवश्यकता भएको छ। अपराधलाई राजनीतिकरण र राजनीतिलाई अपराधीकारण गर्ने प्रवृतिका कारण अपराधमा संलग्न आरोपितहरूले उन्मुक्ति पाउने गरेका छन्। दण्डहीनताको अन्त्य र कानुनी शासनको प्रत्याभूति हुनु आजको आवश्यकता हो।

कृष्ण गौतम
क्षेत्रीय संयोजक

मध्यमाञ्चल क्षेत्रको मानवअधिकार : तीन महिनाका प्रतिनिधिमूलक घटना

(०६८ चैत १९ तदनुसार अप्रिल २०१२ देखि ०६९ असार १७ गते जुन २०१२ सम्म)

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

जनतान्त्रिक तराई मुक्ति मोर्चा राजन समूहबाट

धनुषा

जनकपुर नपास्थित रामानन्द चौकमा ०६९ वैशाख १८ गते सोमबार बिहान अज्ञात समूहद्वारा गराइएको बम विस्फोटमा परी पाँच जनाको मृत्यु भयो भने ३५ जना घाइते भए। मिथिला राज्यको माग गर्दै मिथिला राज्य सङ्घर्ष समितिले आयोजना गरेको शान्तिपूर्ण धर्नाका क्रममा बिहान १० बजे गराइएको बम विस्फोटलाई जनकपुरको इतिहासमा अहिलेसम्मकै ठूलो बिस्फोटको घटना मानिएको छ। उक्त घटनाको जिम्मा जनतान्त्रिक तराइ मुक्ति मोर्चा राजन समूहले लिएको सञ्चारमाध्यमहरूले जनाए। घटनास्थलमा एक जना र उपचारका लागि जनकपुर अञ्चल अस्पताल लग्दै गर्दा तीन जनाको मृत्यु भएको थियो। घटनास्थलमै मृत्यु हुनेमा जनकपुर नपा-८ बस्ने ४० वर्षीय बिमलशरण कुर्मी रहेका थिए। त्यस्तै अस्पताल लग्दै गर्दा मृत्यु हुनेहरूमा मैथिल कलाकार महोत्तरी जिल्ला बथनाहा गाविस-९ घरभई जनकपुर नपा-४ बस्ने ४० वर्षीया रञ्जु झा, जनकपुर नपा-१० का ४९ वर्षीय झगरु दास र जनकपुर नपा-८ का ४४ वर्षीय सुरेश उपाध्याय रहेका थिए। बम विस्फोटमा परी गम्भीर घाइते बेङ्गाशिवपुर गाविस-६ का २८ वर्षीय दीपेन्द्र दासको काठमाडौं महाराजगञ्जस्थित शिक्षण अस्पतालमा ०६९ वैशाख २१ गते राति उपचारको क्रममा मृत्यु भएको थियो।

घटनामा घाइते हुनेहरूमा बघचौडा गाविस-९ निवासी मिथिला राज्य सङ्घर्ष समितिका संयोजक ५६ वर्षीय परमेश्वर कापडी, जनकपुर नपा-८ निवासी रामानन्द युवा क्लबका अध्यक्ष ४० वर्षीय नवीन मिश्र, जनकपुर नपा-१० अशोक दत्त, जनकपुर नपा-२ का ३५ वर्षीय मनमोहन साह, जनकपुर नपा-८ का ३० वर्षीय राजेशकुमार सिंह, जनकपुर नपा-१ का २७ वर्षीय दिलीप थापा, जनकपुर नपा-८ का २५ वर्षीय रामबाबु झा, जनकपुर नपा-११ का ३१ वर्षीय प्रफुल्लराज घिमिरे, जनकपुर नपा-१ का ३० वर्षीय अमलेश साह, जनकपुर नपा-१ का २० वर्षीय जयशंकर ठाकुर, लोहना गाविस-१ का ५१ वर्षीय दानवीर झा, धनुषा मखनाहा गाविस-७ का ११ वर्षीय संजीव महरा, महोत्तरी खैरबन्नी गाविस-७ का ३५ वर्षीय वासुदेव महरा, जनकपुर नपा-८ का ३३ वर्षीय जामुन ठाकुर, महोत्तरी रजौलका ३० वर्षीय मुकेशकुमार यादव, जनकपुर नपा-१३ का २५ वर्षीय सुरेन्द्र यादव, जनकपुर नपा-८ का २७ वर्षीय सुरेश ठाकुर, जनकपुर नपा-९ का ४५ वर्षीय धिरेन्द्रमोहन झा, जनकपुर नपा-४ का ३२ वर्षीय सम्झना बर्मा, सिरहा जिल्ला भगवापुरका ३१ वर्षीय अरुण साह, जनकपुर नपा-२ का ३० वर्षीय अमर मण्डल, धनुषाधाम गाविस-८ का ३० वर्षीय शत्रुधन यादव, जनकपुर नपा-२ का २२ वर्षीय कृष्णबहादुर राय, जनकपुर नपा-१ का २७ वर्षीय ओजिर शेख, जनकपुर नपा-१ का २५ वर्षीय संजय पजियार, जमुनीया गाविस-२ का १४ वर्षीय राजेशकुमार महरा, जनकपुर नपा-८ का ४० वर्षीय रमेश ठाकुर, जनकपुर नपा-१ का ३२ वर्षीय रोसन झा, जनकपुर नपा-१ का २८ वर्षीय प्रमोद राउत, जनकपुर नपा-१ का ३८ वर्षीय कान्तिपुर सम्वाद्दाता श्याम सुन्दर शशी र जनकपुर नपा-८ का ३८ वर्षीय दिगम्बर पाठक थिए। घाइतेमध्ये केहीको जनकपुर अञ्चल अस्पतालमा र १८ जनाको शिक्षण अस्पताल महराजगञ्जमा उपचार भयो। शान्तिपूर्ण धर्नामा बसेको समय रिमोट कन्ट्रोलबाट बम विस्फोट गराइएको थियो। रिमोटले बम विस्फोट गराउने सप्तरी जिल्ला बिसहरिया गाविस-८ का २१ वर्षीय शिवम शर्मा भनिने जयप्रकाश चौधरी रहेको प्रहरीले जनाएको छ। त्यस्तै बम उपलब्ध गराउने, ओसार-पोसार र व्यवस्थापन तथा बम बनाउने कार्यमा सङ्लग्न धनुषा सपही गाविस-१ का प्रकाश भनिने ३३ वर्षीय सुरेसकुमार कर्ण, महोत्तरी जिल्ला मडई गाविस-६ का छोटु भनिने २७ वर्षीय दीपेन्द्र झा, धनुषा भुतही पटेर्वा घरभई हाल जनकपुर नपा-१४ मा बस्ने २८ वर्षीय मुकेशकुमार कर्ण रहेका छन्। त्यस्तै चारैजनाको समूह मध्येका जितेन्द्र कर्ण फरार रहेको प्रहरीले जनाएको छ। बम विस्फोट घटनामा संलग्न रहेको आरोपमा चौधरीलाई प्रहरीले ०६९ वैशाख १८ गते गिरफ्तार गऱ्यो। घटनाको जिम्मा लिने जनतान्त्रिक तराई मुक्ति मोर्चाका राजनमुक्ति भनिने रञ्जीत झा रहेको र विस्फोट गराउने योजना बनाउने र निर्देशन दिने व्यक्ति तराई मधेस विद्यार्थी लिब्रेशन फ्रन्टका सन्तोष चौधरी रहेका छन्। सन्तोषको उपनामहरू मुकेश चौधरी, अर्जुन सिंह र प्रकाश विद्यार्थी भएको जनाइएको छ। उनीहरू फरार छन्। प्रारम्भिक प्रतिवेदन सार्वजनिक गर्दै अपराध अनुसन्धान ब्यूरोका डिआइजी उपेन्द्रकान्त अर्यालले सीता प्यालेश होटेलका सञ्चालक जिवनाथ चौधरीलाई लक्षित गरी बम विस्फोट गराइएको पत्रकार सम्मेलनमा बताए। यद्यपि यससन्दर्भमा अझैपनि थप अनुसन्धान जारी रहेको उनले बताए। बम विस्फोट गराउने मुख्य योजनाकारलाई चाँडै सार्वजनिक गरिने उनको भनाइ थियो। घटनाको अनुसन्धानका लागि गृहमन्त्रालयले डिएसपी भुपेन्द्र खत्रीको नेतृत्वमा तीन सदस्य अनुसन्धान टोली जनकपुर पठाएको थियो। उक्त घटनाको अनुसन्धान भइरहेको प्रहरी कार्यालयले जनाएको छ।

अज्ञात समूहबाट

ललितपुर

काठमाडौं मनपा-१४ कलङ्की निवासी सर्वोच्च



अज्ञात समूहले गराएको विस्फोटमा परी मृत्यु भएका मृत्यु भएका बायाँबाट क्रमशः बिमलशरण कुर्मी, रञ्जु झा, झगरु दास, सुरेश उपाध्याय र दीपेन्द्र दास

अदालतका न्यायाधीश ६४ वर्षीय रणबहादुर बमलाई ०६९ जेठ १८ गते विहान ११:०५ बजे ललितपुरको बागमति खोलाकिनारको युएन पार्क क्षेत्रमा अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। गोली लागी घाइते भएका सर्वोच्च अदालतका न्यायाधीश बमको थापाथलीस्थित नर्भिक अस्पतालमा उपचारको क्रमम सोहीदिन दिउँसो १ बजे मृत्यु भएको थियो। मोटरसाइकलमा आएका दुई व्यक्तिले सर्वोच्चका न्यायाधीश बम, उनका साथी थानकोट दहचोकका राम गिरी र अंगरक्षक महेश गिरीलाई गोली प्रहार गरेका थिए। घाइते राम र महेश गिरीको नर्भिक अस्पतालमा उपचार भएको छ। न्यायाधीश बमका चालक अष्ट लामालाई घटनामा संलग्न रहेको आरोपमा प्रहरीले सोहीदिन गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दा चलाएको छ। घटनाकै दिन प्रहरीले एआइजी कुबेरसिंह रानाको संयोजकत्वमा छानविन समिति गठन गरेपनि घटनामा संलग्नको पहिचान गर्न सकेको छैन। यसैबीच मन्त्रीपरिषद्को असार १ गतेको बैठकले न्यायाधीश बम हत्या घटनाको छानविन गर्न पूर्वन्यायाधीश प्रेमप्रसाद शर्माको संयोजकत्वमा नायाव महान्यायाधीवक्ता प्रेमराज कार्की र डिआइजी नरेश गुरुङ सदस्य रहेको जाँचबुझ आयोग गठन गर्ने निर्णय गऱ्यो।

बारा

कोल्हवी गाविस-९ का २० वर्षीय अजय चौधरीलाई ०६९ जेठ २५ गते अज्ञात समूहले कोल्हवी गाविस-४ स्थित गाविसको अन्तिम सीमानाको सडक नजिकको खेतमा मुखमा तेजाव हालेर हत्या गऱ्यो। कोल्हवी बजारमै मजदुरी गरी घर फर्कने क्रममा अज्ञात समूहले चौधरीलाई तेजाव हालेर हत्या गरेको थियो। घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएपनि हालसम्म घटनामा संलग्नलाई गिरफ्तार भएका छैनन्।

गोली/बम, विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

सिन्धुपाल्चोक

चौतारा गाविस-४ घरभई जिल्ला खानेपानी कार्यालय चौताराका सवारी चालक ३६ वर्षीय दिनेश श्रेष्ठलाई ०६८ चैत २७ गते बेलुकी काभ्रेपलाञ्चोक जिल्ला नाला घरभएका प्रमुख जिल्ला अधिकारीका अङ्गरक्षक प्रहरी हवल्दार ४० वर्षीय राजाराम खत्री खनालले साँगाचोक गाविस सुकुटेस्थित रिभरसाइड रिर्सोटमा मादक पदार्थ सेवन गरी गोली हानी घाइते बनाए। पीडित श्रेष्ठको धुलिखेल अस्पतालमा उपचार भयो। पीडक खत्री खनाललाई सोही दिन गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयले हिरासतमा राखेकोमा जिल्ला अदालतका न्यायाधीश अनन्तराज डुम्रेको ०६९ वेशाख २७ गते को एकल इजलासले पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो।

काठमाडौं

हुम्ला जिल्ला लाली गाविस-९ घर भई काठमाडौं मनपा-१५ डल्लु बस्ने २६ वर्षीय रविन्द्रबहादुर शाहीलाई ०६८ चैत २२ गते लागूऔषधको कारोबारमा संलग्न रहेको आरोपमा गिरफ्तार गर्ने क्रममा काठमाडौं मनपा-१५ स्वयम्भुस्थित गीतामाता स्कुलअगाडि प्रहरीले चलाएको गोली लागी घाइते भए। लागूऔषधको कारोबारमा संलग्न रहेको विशेष सूचनाका आधारमा पिछा गर्दै जाँदा गीतामाता स्कुल अगाडि गिरफ्तार प्रयास गर्दा शाहीले खुकुरी चालएपछि प्रहरीले नियन्त्रणमा लिन गोली चलाएको प्रहरी महाशाखाका प्रमुख देवेन्द्र सुवेदीले बताए। प्रहरीले चलाएको गोली शाहीको दाहिने तीघ्रामा लागेको थियो। घाइते उनको वीर अस्पतालमा उपचार भयो। शाहीले प्रहरी अपराध अनुसन्धान शाखाका अधिकृत ३२ वर्षीय प्रविण घिमिरेलाई खुकुरी प्रहार गरी घाइते बनाएका थिए। घाइते प्रहरीको पेट र खुट्टामा गहिरो चोल लागेका थियो। शाही राष्ट्रिय खेलकुद परिषद् अन्तर्गत जिल्ला खेलकुद विकास समिति हुम्लाका करार्ते प्रशिक्षक समेत रहेको जनाइएको छ। शाहीको साथबाट प्रहरीले १ सय ६० ग्राम खैरो हेरोइन, खुकुरी लागूऔषध जोख्ने डिजिटल तराजु बरामद गरेको प्रहरीले जनायो।

बेपत्ता/अपहरण

राज्यबाट

महोत्तरी

जलेश्वर नपा–५ का २५ वर्षीय अजितलाल कर्णलाई ०६९ वैशाख २४ गते प्रहरीले घरैबाट गिरफ्तार गरी बेपत्ता बनाएको छ। पीडित परिवारले अजितको स्थिति सार्वजनिक गर्न माग गर्दै सर्वोच्च अदालतमा जेठको पहिलो साता दिएको बन्दी प्रत्यक्षीकरणको प्रतिउत्तरमा प्रहरीले उनलाई गिरफ्तार नै नगरेको जनाएबाट बेपत्ता पारिएको कुरा सार्वजनिक भएको हो। बीबीएसको पढाइ सकेर घर बस्दै आएका अजितलाई ०६९ वैशाख १८ गते

जनकपुरको रामानन्द चोकमा भएको बम विस्फोटमा सङ्लग्न रहेको आशङ्कामा प्रहरीको केन्द्रीय अनुसन्धान टोलीले गिरफ्तार गरेको थियो। सो अनुसन्धान टोलीका कमाण्डर डिएसपी भूपेन्द्र कार्की समेतले अजितलाई घरैबाट गिरफ्तार गरेको छिमेकीहरू बताउँछन्। गिरफ्तार हुँदाका बखत पीडित अजित विरामी भएर घरमै सुतेको पीडित परिवारले बताए। अजितलाई गिरफ्तार गर्ने प्रहरी टोली नै पुन: बैशाख २७ गते उनको घरमा गई विस्फोटक पदार्थ बरामद भएको मुचुल्का बनाएको छिमेकीहरू बताउँछन्। उनीहरूका अनुसार प्रहरीको भ्यान घरमै आएर रोकिएकाले जिज्ञासा लागेर आफूहरू हेर्न गए पनि प्रहरीले छेउमा जान नदिएको तर, पछि मुचुल्कामा सही गर्न भने घरघरबाट बोलाएको थियो। सोही दिनदेखि प्रहरीले सो घरका सबै कोठामा ताला लगाएकोमा राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय जनकपुरका प्रमुख बुद्धनारायाण साहनीको पहलमा जेठ २७ गते ताला खोलिएको थियो।

अन्यबाट

रौतहट

औरैया गाविस-९ की ५५ वर्षीया उषादेवी झालाई ०६९ वैशाख १३ गते सोही ठाउँका ६२ वर्षीय सचिन्द्रकुमार झा, ३५ वर्षीय मनोज झा र ३१ वर्षीय सरोज झाले अपहरण गरेकोमा प्रहरीले ०६९ वैशाख १४ गते गौर नपा-७ बाट अपहरण मुक्त गऱ्यो। अपहरण घटनामा संलग्न अपहरणकारीहरू भने भाग्न सफल भएको प्रहरीले जनायो। पीडित महिलाको छोराछोरीसमेत नभएको र पीडितसँग धेरै सम्पति भएकोले यसैको लागि अपहरण गरिएको प्रहरीले जनायो। पीडित उषादेवीले ०६९ असार ६ गते अपहरण घटनामा संलग्नलाई कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालय रौतहटमा किटानी जाहेरी दिएपनि प्रहरीले हालसम्म कसैलाई गिरफ्तार गर्न सकेको छैन।

कनकपुर गाविस-६ का ३६ वर्षीय धनबहादुर श्रेष्ठलाई ०६९ वैशाख २३ गते दिउँसो काठमाडौँबाट आफ्नो घरतर्फ आउने क्रममा रौतहट र बारा जिल्लाको सीमानामा पर्ने धनसर जङ्गलबाट अज्ञात समूहले अपहरण गरे। अपहरित श्रेष्ठको मोबाइलबाट अपहरणकारीले श्रेष्ठको पत्नीलाई फोन गरी १० लाख फिरौती माग गरेपछि पीडित अपहरणमा परेको खुलासा भएको थियो। अपहरणकारीले पीडित श्रेष्ठलाई मकवानपुरको चुरेपहाडमा घुमाउँदै ठाउँ सार्ने क्रममा ०६९ वैशाख २६ गते बिहान चन्द्रनिगाहपुर गाविस-१ स्थित टेकानटोलबाट प्रहरीले सकुशल मुक्त गराएको थियो। सो क्रममा अपहरणकारीहरू भने भाग्न सफल भएको प्रहरीले जनायो। घटनमा संलग्नको खोजी कार्य जारी रहेको प्रहरीले जनाएपनि हालसम्म कसैलाई गिरफ्तार गर्न सकेको छैन।

अज्ञात व्यक्तिद्वारा गोली हानी हत्या गरिएका सर्वोच्च अदालतका न्यायाधीश रणबहादुर बम

धनुषा

विसरभोर गाविस-४ का १३ वर्षीय प्रमोदकुमार महरालाई ०६९ वैशाख १८ गते घर अगाडिबाट सोही गाविस-४ का २३ वर्षीय रामबहादुर महराले अपहरण गरे। अपहरण घटनामा संलग्न व्यक्तिले पीडित घरमा फोन गरी १ लाख रुपियाँ फिराँती दिने शर्तमा अपरहण मुक्त गर्ने भनी धम्की दिँदै आएको पीडित पक्षले बताएका थिए। अपहरित प्रमोदकुमार अपहरणकारीको पञ्जाबाट ०६९ बैशाख १९ गते भागेर अपहरण मुक्त भएको पीडित परिवारले जनायो। पीडित परिवारले ०६९ वैशाख २६ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दर्ता गराएपछि वैशाख २७ गते घटनामा सङ्लग्न अरोपित रामबहादुर महरालाई प्ररहीले गिरफ्तार गऱ्यो। गिरफ्तार महरालाई जिल्ला अदालतको ०६९ जेठ २१ गते आदेशअनुसार पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो।

सर्लाही

महिनाथपुर गाविस-५ का बालक १२ वर्षीय कृष्णकुमार झालाई ०६८ चैत १९ गते साँझ सोही गाविस-१ का रामकल्याण यादव, विजयकुमार यादव र ब्रजकिशोर यादवले घर नजिकै सडकबाट ललाईफकाई अपहरण गरे। पीडकले मोटरसाइकलमा राखी पीडितलाई रौतहट जिल्लाको गरुडा बजार नजिकै एक घरमा लुकाई राखेको अवस्थामा प्रहरीले ०६८ चैत २० गते अपहरण मुक्त गऱ्यो। घटनमा संलग्न रहेको आरोपमा सोहीदिन विजय र रामकल्याणलाई गिरफ्तार गरी सर्लाही प्रहरीलाई बुझाएको थियो। हाल पीडक दुवैजना जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि जिल्ला कारागारमा रहेका छन्।

सर्लाही

मोतीपुर गाविस-१ का २५ वर्षीय किशोर कर्णलाई ०६९ वैशाख २९ गते घरबाटै दुई जनाको अज्ञात समूहले ललाई फकाई अपहरण गरी भारतको सीतामढी पुऱ्यायो। अपहरणकारीले भारतको सितामढी पुऱ्याएपछि पीडित परिवारसँग भारतीय नागरिकमार्फत ६० लाख रुपियाँ फिराँती माग गरेका थिए। अपहरणकारीले पीडितलाई प्रहरीलाई खबर नगर्न र ६० लाख रुपियाँ लिएर आउन धम्की दिएकाले पीडित परिवारले घटनालाई गोप्य राखेका थिए। प्रहरीलाई खबर गरे किशोरको ज्यान लिने धम्की पश्चात प्रहरीको सम्पर्कमा आउन डराएको पीडितका काका रमेशचन्द्र लाल कर्णले बताए। अपहरणको जानकारी पाउनासाथ नेपाल प्रहरीले भारतीय प्रहरी र स्थानीय जनप्रतिनिधिको समन्वयबाट पीडितलाई ०६९ जेठ १३ गते सीतामढीको एक घरबाट अपहरण मुक्त गरिएको थियो। घटनामा दुई नेपाली सहित पाँच जनाको संलग्नता रहेको एसपी रामप्रसाद श्रेष्ठले बताए। घटनाको अनुसन्धान भइरहेको उनले जनाए।

धम्की/कुटपिट

आदिवासी जनजाति महासङ्घबाट

ललितपुर

नेपाल आदिवासी जनजाति महासङ्घले आह्वान गरेको तीनदिने आमहड्तालको पहिलो दिन ०६९ जेठ ७ गते ललितपुरको भोल्ढोका चौगालमा प्रर्दशनकारीहरूले अनुगमनमा रहेका राष्ट्रिय मानवअधिकार आयोगका मानवअधिकार अधिकृत जीवन न्यौपानेलाई रड प्रहार गरेका थिए भने मानवअधिकार अधिकृत श्रीराम अधिकारीलाई प्रर्दशनकारीहरूले कठालो समातेर दुर्व्यवहार गर्नुका साथै उनीहरू चढेको बा ११ प ८२५८ नम्बरको मोटरसाइकल तोडफोड गरेको पीडितले बताए। नेवारी भाषामा अपशब्द प्रयोग गर्दै दुर्व्यवहारपछि अनुगमन गर्ने कार्यमा अवरोध पुऱ्याएको मानवअधिकार अधिकृत गौतमले जनाए। महानगरीय प्रहरी प्रभाग बालकुमारीमा पुगी सोही दिन घटना सम्बन्धमा लिखित उजुरी समेत दिएको उनले जनाए। हिमालयन टेलिभिजनको बा २० प ३८९९ नम्बरको मोटरसाइकल गोरखुमा तोडफोड गर्नुका साथै सो मोटरसाइकलमा सवार वाइटी घिमिरेलाई दुर्व्यवहार गरेको पत्रकार शम्भु पोखरेलले बताए। त्यसैगरी प्रर्दशनकारीले बिहान नेपाल १ टेलिभिजनको बा ७ च १६०० नम्बरको गाडि तोडफोड गरे। गाडीमा सवार पत्रकार कविता अधिकारी र मङ्गल लामामाथि प्रर्दशनकारीले हातपात समेत गरेका थिए। बन्द गराउँदै हिँडेका प्रर्दशनकारीहरूले कान्तिपुर टेलिभिजनको बा ८ च ७६७७ नम्बरको गाडी बिहान ८:३० बजे बुद्धनगरमा तोडफोड गरेका थिए भने कान्तिपुर दैनिकको बा ९ च ५५३७ नम्बरको मारुती भ्यान बिहान ६:३० बजे जोरपाटीमा प्रदर्शनकारीले तोडफोड गरे। त्यसैगरी प्रर्दशनकारीले एभिन्यूज टिभीको गाडीसमेत तोडफोड गरे। यसैगरी बन्दकर्ताहरूले चाबहिलमा बा १ भ ५६०६ नम्बरको ट्याक्सीको शिशा फुटाए। वानेश्वरमा बा ४८ प ६०५ नम्बरको मोटरसाइकले तोडफोड गरेका थिए।

नेपाल आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिले गरेको बन्दको दोस्रो दिन ०६९ जेठ ८ गते काठमाडौँ र ललितपुर जिल्लामा समाचार सङ्कलन गर्ने क्रममा पत्रकारमाथि कुटपिट तथा दुर्व्यवहार भयो। जातीय पहिचान सहित सङ्घीय राज्य निर्माण हुनुपर्ने, ११ प्रदेशको प्रस्तावित खाकाको खारेजीलगायतको माग गर्दै गरिएको बन्दका क्रममा प्रर्दशनकारीहरूले ग्वार्को चोकमा समाचार संकलनका क्रममा अभियान दैनिकका पत्रकार अशोक दुलालमाथि प्रर्दशनकारीले रड प्रहार गरी टाउको फुटाइ दिए। घाइते उनको ललितपुरको बीएण्डबी अस्पतालमा उपचार भयो। समाचार सङ्कलन गर्न गएका न्युज २४ टेलिभिजनका पत्रकार नवराज श्रेष्ठलाई ग्वार्कोचोक आन्दोलनकारीले दुर्व्यवहार गर्नुका साथै उनको क्यामरा लुटेर लगेका थिए। आन्दोलनकारीले सोही टेलिभिजनका पत्रकार निर्मल वलीलाई दुर्व्यवहार गर्नुका साथै बा ७ च ४१५१ नम्बरको उक्त टेलिभिजनको गाडी समेत तोडफोड गरे। समाचार सङ्कलन गरेर कार्यालयतर्फ आइरहकी कारोबार दैनिकका पत्रकार पवन वर्षा शाहको बा ३४ प ४६३८ नम्बरको स्कुटर बन्दकर्ताहरूले डिल्लीबजारमा तोडफोड गरे। ललितपुरको मङ्गलबजारस्थित सुन्धारा चोकमा बन्दकर्ताहरूले ०६९ जेठ ८ गते बा ४६ प ७३८२ नम्बरको मोटरसाइक र सुन्धारा पाटनमा नम्बर नखुलेको मोटरसाइकमा आगजनी गरी क्षति पुऱ्याए। बन्दकर्ताहरूले पाटनमा बा ४६ प ७३८२ नम्बरको मोटरसाइकल र सातदोबाटो चोकमा बा ७ च ४१५१ नम्बरको भ्यानमा क्षति पुऱ्याए। बन्दको समाचार सङ्कलन गर्न गएका माउन्टेन टिभीका पत्रकार रामेश्वर सापकोटा, धर्मेन्द्र सापकोटा र क्यामरामान प्रतीक्षा शर्मा र मुक्ति श्रेष्ठलाई आन्दोलनकारीले दुर्व्यवहार गर्नुका साथै कुटपिट समेत गरेका थिए। यसैबीच बन्दकर्ता र स्थानीयवासीबीच ललितपुरको इमाडोलमा भएको झडपका क्रममा स्थानीय दुई, बटुवा एक र पाँच जना बन्दकर्ता गरी ८ जना घाइते भएका थिए। घाइते स्थानीय दुई जनाको किस्ट मेडिकल कलेज र अन्यको ग्लोबल अस्पतालमा उपचार भएको थियो। घाइते हुनेहरूमा बन्दको प्रतिकार गर्नेक्रममा इमाडोल गाविस-४ बस्ने जीवन थापा, इमाडोल गाविस-३ कै मञ्जु थापा, र सिरहा घर भई काठमाडौँ मनपा-३५ कोटेश्वर बस्ने बल्लु दास घाइते भएको महानगरीय प्रहरीले जनायो। त्यस्तै झडपका क्रममा बन्दकर्ताहरू आदि लामा, दिनेश महर्जन, रोशन महर्जन, गणेश श्रेष्ठ र अभियान लामा घाइते भएका थिए। प्रहरीले झडपलाई नियन्त्रणमा लिन आश्रुग्याँस र लाठी प्रहार गरेको थियो। प्रहरीले दुबै पक्षलाई तितरवितर पारी स्थितिलाई नियन्त्रणमा लिएको थियो।

प्रमुख जिल्ला अधिकारीका अंग रक्षक प्रहरी हबल्दार राजाराम खत्री खनालले चलाएको गोली लागी घाइते भएका दिनेश श्रेष्ठ

अन्यबाट

काठमाडौं

राष्ट्रिय जनमोर्चा नेपालका अध्यक्ष तथा संविधानसभा सदस्य ७३ वर्षीय चित्रबहादुर केसीलाई ०६९ बैशाख २१ गते बिहान जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कमाण्डर सुदिप यादवले सङ्घीयताको विरोध गर्न छाड्न चेतावनी दिँदै १५ दिनभित्र मार्ने धम्की दिए। एउटै व्यक्तिले पटक-पटक दर्जनौ नम्बरबाट आफूलाई मार्ने धम्की दिँदै आएको जनमोर्चाका अध्यक्ष तथा संविधानसभा सदस्य केसीले बताए। सङ्घीयताको विरोध गरेकोले नमारी छाड्दिन भनेर फोन गरिरहेको उनले बताए। प्रधानमन्त्री डा. बाबुराम भट्टराई समक्ष लिखित उजुरी दिइएको साथै संविधानसभा अध्यक्ष सुभाषचन्द्र नेम्बाङलाई भेटेर आफूलाई दिएको धम्कीको बारेमा जानकारी गराएको उनले बताए। घटनाको बारेमा राष्ट्रिय

मानवअधिकार अयोगमा समेत उजुरी दिएको केसीले जनाए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र, निश्पक्ष चुनाव समेत)

काठमाडौँ

नेपाल सरकारले ०६९ वैशाख २६ गते बिहान डोजर लगाएर थापाथलीस्थित बागमती किनारमा जग्गा अतिक्रमण गरी बसेका सुकुम्बासी बस्ती खाली गर्ने क्रममा प्रहरी र सुकुम्बासीबीच झडप भयो। झडपका क्रममा सुकुम्बासी बस्तीका ४० वर्षीय निमा तेन्जिङ शेर्पा र ३४ वर्षीया पञ्चमाया तामाङ घाइते भएका थिए। घाइते उनीहरूको वीर अस्पतालमा उपचार भयो। घाइते शेर्पाको टाउकोमा चोट लगोको थियो। यसैगरी झडपका क्रममा घाइते भएको प्रहरीले जनायो। यसैगरी ३५ जना सुकुम्बासीहरूलाई गिरफ्तार गरी महराजगञ्जस्थित २ नं. प्रहरी गणमा राखी सोहीदिन रिहा गरिएको प्रहरीले जनायो। सयौँको सङ्ख्यामा प्रहरी परिचालन गरी विहानैदेखि दुई ओटा डोजर लगाएर सुकुम्बासी वस्तीको घरटहरा भत्काउन लाग्दा प्रहरी र सुकुम्बासीबीच झडप भएको थियो। झडपका क्रममा प्रहरीले प्रर्दशनकारीलाई नियन्त्रणमा लिन आठ सेल अश्रुग्याँस प्रहार गरेको थियो। सरकारले पटक-पटक जग्गा खाली गर्न सार्वजनिक सूचना गरेपनि त्यहाँ बसोबास गरिरहेका व्यक्तिहरूले बेवास्ता गरी बसिरहेका थिए। सरकारले बागमती किनारमा जग्गा अतिक्रमण गरी बसेका सुकुम्बासी बस्ती डोजर प्रयोग गरी घर टहरा भत्काएर खाली गरेको छ। घरटहरा भत्काएर बस्ती खाली गर्ने क्रममा घरभित्र रहेका समानहरू अलपत्र छरिएको थियो। थापाथलीस्थित बागमती किनारमा मात्र लगभग ३ सय भन्दा बढी घर टहरा र त्यसमा कतिपय पक्की घर नै निर्माण भएको थियो। सरकारले बस्ती खाली गराउन त्यहाँ बसोबास गरिरहेका १ सय ८० परिवारलाई तीन महिनाको घर भाडा वापतप्रति परिवार १५ हजारका दरले दिने घोषणा गरेपनि उनीहरूले उक्त सुविधा लिएर बस्ती खाली गर्न नमानेको जनाइएको छ। अधिकार सम्पन्न बागमती सभ्यता विकास समितिका अध्यक्ष महेशबहादुर बस्नेत तथा महानगरपालिकाका निरीक्षक धनपति सापकोटा समेत बस्ती खाली गराउने अभियानमा थिए।

बालअधिकार
हत्या

रौतहट

सर्लाही जिल्ला मानपुर गाविस-९ का गणेश राय यादव र रेखीयादेवी यादवका छोरा ३ वर्षीय नितेशकुमार यादवलाई समनपुर गाविस-८ की २५ वर्षीया माहादेवी यादव र सोही ठाउँका ४२ वर्षीय छविलाल यादवले ०६९ जेठ ६ गते राति घाँटी रेटी हत्या गरे। रौतहटको समनपुर गाविस-८ स्थित बागमती नदी किनारमा जेठ ९ गते बिहान तीन वर्षीय बालक नितेशको काटिएको टाउको र महादेवीले पूजा गर्ने कोठामा बालकको शरीरको बाँकी भाग गाडेको अवस्थामा फेला परेपछि घटना सार्वजनिक भएको थियो। महादेवीलाई ०६९ जेठ ९ गते गिरफ्तार गरी सोधपुछ गर्दा उनले आफू र धामी काम गर्ने छविलालले जेठ ६ गते राति १२:०० बजे नजिकैको ब्रम्हस्थान मन्दिरमा पुऱ्याई घाँटी रेटेर बली दिएको स्वीकार गरेको प्रहरीले जनायो। प्रहरीले जानकारी नपाओस् भन्नका लागि बालकको टाउको समनपुर गाविस-८ स्थित बागमती नदी किनारको चोकर घाटमा र शरीरलाई आफनै घरभित्र गाडेको माहादेवीले बताइन्। कथित बोक्सी विद्या सिक्न महादेवीले धामी छविलालसँग मिलेर बालकको हत्या गरेको तथ्य खुलेको थियो। गिरफ्तार महादेवीलाई प्रहरीले कर्तव्य ज्यान मुद्दा चलाएकोमा रौतहट जिल्ला अदालतको ०६९ असार १ गतेको आदेशले पुर्पक्षको लागि थुनामा राख्ने आदेश दिएको छ भने अर्का आरोपित छविलालको खोजी भइरहेको इलाका प्रहरी कार्यालय गरुडाका इन्सपेक्टर रामनारायण माझीले बताए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

रौतहट

चन्द्रनिगाहपुर गाविस-१ की नौ वर्षीया बालिकालाई ०६९ असार १६ गते साँझ डुमरिया (म.) गाविस-२ का १८ वर्षीय जीवनबहादुर विष्टले बलत्कार गरेको आरोपमा प्रहरीले विष्टलाई सोहीदिन साँझ गिरफ्तार गऱ्यो। पीडित बालिकालाई पीडक विष्टले साँझ ७ बजेको समयमा ललाई फकाई साइकलमा राखी चन्द्रनिगाहपुर गाविस-१ स्थित जिल्ला वन कार्यालयभन्दा पश्चिमपट्टिको जङ्गलमा लगेर बलात्कार गरेको पीडित बालिकाले आफ्नो बाबुलाई बताएपछि प्रहरीले विष्टलाई गिरफ्तार गरेको जनायो। पीडित बालिकाको चन्द्रनिगाहपुर अस्पतालमा स्वास्थ्य परिक्षण गर्दा बलात्कार भएको प्रमाणित भएको प्रहरीले जनायो। आरोपितलाई जबरजस्ती करणी ऐन अर्न्तगत मुद्दा चलाई म्याद थप गरिएको प्रहरीले जनायो।

चितवन

पदमपुर गाविस-६ की ३ वर्ष ६ महिनाकी बालिकालाई सोही ठाउँ बस्ने २८ वर्षीय रामेश्वर महतोले ०६९ जेठ २१ गते सोही गाविसको एक जङ्गलमा बलात्कार गरे। महतोले बालिका बाटोमा खेलिरहेको अवस्थामा ललाईफकाई बोकी पदमपुर गाबिस-६ मा रहेको भीमबेली सामुदायिक वनमा लगी बलात्कार गरेको भनी पीडितकी आमाले ०६९ जेठ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडकले बालिकालाई मलद्वारमा पनि बलात्कार गरेको अस्पतालको रिर्पोटबाट पुष्टि भयो। पीडकलाई प्रहरीले घटना भएकै दिनमा सोही गाविसबाट गिरफ्तार गऱ्यो। अनुसन्धान पश्चात अदालत पेश हुँदा चितवन जिल्ला अदालतको ०६९ असार ११ गतेको आदेश अनुसार पीडक महतोलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

महोत्तरी

बर्दिवास गाविस-३ की ८ वर्षीया एक बालिकालाई सोही ठाउँका १८ वर्षीय दीपक विक र गणेश खड्काले ०६९ जेठ १२ गते बलात्कार गरे। पीडितका बाबुको जाहेरीमा प्रहरीले विकलाई ०६९ जेठ २० गते गिरफ्तार गरी अनुसन्धान अघि बढाएको छ भने अर्का पीडक खड्का फरार रहेको प्रहरीले जनायो।

दोलखा

पवटी गाविस-९ की १४ वर्षीया एक बालिकालाई सोही ठाउँका ३० वर्षीय प्रकाश विक र २८ वर्षीय हिरालाल विकले पीडितकै घरमा सामूहिक बलात्कार गरे। दिउँसो घरमा परिवारसहित बसेको बेला तलामा काम छ आऊ भन्दै बोलाई कपडाले मुख छोपी बलात्कार गरे। घटनामा संलग्नलाई कारबाहीको माग गर्दै पीडित पक्षले ०६९ असार १७ गते जिल्ला प्रहरी कार्यालय दोलखामा उजुरी दिएकोमा आरोपितहरूको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो। पीडित बालिका स्थानीय भँगेरी माविमा कक्षा ६ मा अध्ययनरत छिन्। आरोपितहरू काठमाडौँमा मूर्ती बनाउने काम गर्छन्।

सिन्धुपाल्चोक

सानोसिरुबारी गाविस-१ की १७ वर्षीया अपाङ्ग बालिकालाई ०६८ चैत २९ गते साँझ सर्लाही जिल्ला बकैया गाविस-४ घर भई सानोसिरुवारी गाविस-१ स्थित फर्निचर कारखानामा काम गर्दै आएका ४६ वर्षीय ताप्से ठाकुरले पीडितकै घरभित्र बलात्कार गरेको आरोपमा ०६९ वैशाख २ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितपक्षको भनाइअनुसार ०६८ चैत २९ गते साँझको बेला घरमा अरु कोही नभएको मौका पारेर ठाकुर घरभित्र पसी बालिकालाई बलात्कार गरेको र पीडित बोल्न नसक्ने, रगताम्य अवस्थामा फेला परेको पीडित पक्षले जनाए। पीडित पक्षले ०६९ वैशाख ३ गते जिल्ला प्रहरी कार्यालय चौतारामा किटानी जाहेरी दिए। आरोपित ठाकुर हाल पुर्पक्षका लागि थुनामा छन्।

बारा

कचोर्वा गाविस-२ की १७ वर्षीया एक बालिकालाई ०६९ जेठ ७ गते आफ्नै घर पछाडिको बारीमा सोही स्थान बस्ने २२ वर्षीय प्रमोद साह कलवारले जबर्जस्तीकरणी गरे। आरोपितलाई कारबाहीको माग गर्दै पीडित परिवारले ०६९ जेठ ७ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए। आरोपितलाई ०६९ असार ३ गते गिरफ्तार गरिएकोमा जिल्ला अदालत वाराको आदेशले सोहीदिन पुर्पक्षको लागि वीरगञ्ज कारागार थुनामा छन्।

सिन्धुली

धनुषा जिल्ला यदुकुवा गाविस-३ घर भई दूधौली गाविस-६ स्थित उच्च मावि लदाभिरको छात्रावासमा बस्ने दृष्टिविहीन १७ वर्षीया बालिकालाई ०६८ चैत २७ गते दिउँसो महोत्तरी जिल्ला बथानाहा गाविस घर भई उच्च मावि लदाभिरमा कार्यरत शिक्षक ४२ वर्षीय अशोककुमार झाले छात्रावासमा उनी बस्ने कोठामा प्रवेश गरी बलात्कार गर्ने प्रयास गरेको आरोपमा ०६९ जेठ २९ गते प्रहरीले आरोपितलाई गिरफ्तार गऱ्यो। उक्त दिन छात्रावासमा दुई जना दृष्टिविहीन बालिकाहरू मात्रै बसेको अवस्थामा शिक्षक गई म तिमीहरूलाई अङ्ग्रेजीको ट्यूसन पढाउँछु भनी शुरुमा केही शब्दार्थ सोधेको र पछि अश्लिल शब्दार्थ सोध्दा विद्यार्थीहरूले जवाफ नदिएपछि तिमीहरू अब ठूला भईसक्यौ लाज मान्नु पर्दैन भनी एक विद्यार्थीको भित्रि कपडाहरू समेत खोलेर बलात्कार गर्ने प्रयास गरेको पीडितले बताइन्। पीडित बालिकाले शिक्षकलाई धकेलेर लडाई कराएपछि शिक्षक झाले हल्ला गरेमा राम्रो हुँदैन भनी धम्की दिएर भागेको पीडितले बताइन्। घटनाका आरोपित शिक्षकलाई प्रहरीले मुद्दा चलाई अदालतमा पेश गरेकोमा जिल्ला अदालतको जेठ ३० गते आदेशअनुसार ६५ हजार धरौटीमा रिहा भए।

सिन्धुली

बालाजोर गाविसका एक ४३ वर्षीय पुरुषलाई आफ्नी १४ वर्षीया छोरीलाई बलात्कार गरेको आरोपमा ०६९ जेठ २२ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित बालिकाकी आमा ५-६ वर्षदेखि माइतमा बस्ने गरेको र उनकी कान्छी आमा पनि जेठ १६ गते माइत गएको अवस्थामा बाबुले ०६९ जेठ १८ गते मादकपदार्थ सेवन गरेर घरमा आई कोठामा ओछ्यान लगाइदे भनी घरको माथिल्लो तलामा बलात्कार गरेको प्रहरीले जनायो। पीडित बालिकाको जिल्ला अस्पताल सिन्धुलीमा स्वास्थ्य परीक्षण गरिएको थियो। अभियुक्तलाई सिन्धुली जिल्ला अदालतको आदेशमा ०६९ असार १२ गते पुर्पक्षको लागि सिन्धुली कारागारमा थुनामा राखिएको छ।

चितवन

जगतपुर गाविस-९ की १३ वर्षीया बालिकालाई ०६९ जेठ २ गते राति ५५ वर्षीय बाबुले घरमा सुतिरहेको अवस्थामा बलात्कार गरेको बालिकाले बताइन्। आफूलाई रातिको समयमा मदिरा सेवन गरी आएर बाबुले बलात्कारको गरेको भनी पीडितले ०६९ जेठ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। उजुरी परेकै दिन उनका बाबुलाई प्रहरीले गिरफ्तार गऱ्यो। चितवन जिल्ला अदालतको ०६९ जेठ १६ गतेको आदेशले उनी साधारण तारेखमा रिहा भए।

महिला बिरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचविखन तथा ओसारपसार

सिन्धुली

महादेवस्थान गाविस-४ घर भई भद्रकाली गाविस-४

कुसुमटारस्थित काकाको घरमा बस्दै आएकी २१ वर्षीया एक महिलालाई ०६८ चैत ३० गते सुर्खेत जिल्ला लाटीकोइली गाविस-१ डोलढुङ्गाका ३१ वर्षीय भरत खनाल भनिने भरत विश्वकर्मा र भद्रकाली गाविस-४ की १९ वर्षीया शुसीला मोक्तानले विभिन्न किसिमका प्रलोभन देखाई फकाएर बिक्री गर्न लैजान लागेको आरोपमा प्रहरीले सोही दिन सिन्धुली बसपार्कबाट गिरफ्तार गऱ्यो। आरोपित बिश्वकर्माले आफ्नो थर र उमेर समेत ढाटेर खनाल थर बताई चैत १९ गते फोन गरी आफूले मन पराएकोले बिवाह गर्ने, बैदेशिक रोजगारीमा जान चाहेमा राम्रो काममा पठाइदिने लगायतका आश्वासनहरू दिएर फकाएको र त्यसअघि खानेकुराहरू लिएर भेट्न आउने गरेको पीडितले बताइन्। चैत ३० गते सिन्धुली घुम्न जाऔ भनि पीडितलाई जिल्ला सदरमुकामसम्म ल्याएको र बसपार्कमा आएपछि काठमाडौँ जानुपर्छ भनेकोले पीडितलाई शङ्का लागी प्रहरीमा खबर गरेपछि प्रहरीले बसपार्कबाट गिरफ्तार गरेको थियो। आरोपितहरूलाई सिन्धुली जिल्ला अदालतको ०६९ जेठ १ गते आदेशअनुसार पुर्पक्षको लागि कारागारमा राखिएको छ।

कुटपिट

रौतहट

बिसुनपुर्वा मानपुर गाविस-४ की ३५ वर्षीया उर्मीलादेवी मुखीया विनले ०६८ चैत २८ गते बिसुनपुर्वा मानपुर गाविस-७ का ३९ वर्षीय जयलाल मुखीया विन, सोही ठाउँका ५६ वर्षीय सुनर मुखीया विन, २७ वर्षीय रामकलेभर मुखीया विन, ४८ वर्षीय रामसिंहासन मुखिया विन, ४५ वर्षीय रामविनोद मुखीया विन, ५० वर्षीय नन्दराज मुखिया विन, ५६ वर्षीय रामदेनी मुखीया विन र २५ वर्षीय अनिल मुखिया विनले कुटपिट गरी आफ्नो गर्भपतन गराएको आरोपमा ०६९ वैशाख १४ गते जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी दरखास्त दर्ता गराइन्। एकै परिवारभित्रका नातागोताका व्यक्ति भएका अभियुक्तहरूले घरायसी कारणले विवाद हुँदा उनलाई कुटपिट गरेका थिए। कुटपिटबाट पीडितको २१ हप्ताको गर्भपतन भएको जिल्ला अस्पताल गौरको मेडिकल प्रतिवेदनमा उल्लेख भएपनि घटनाका आरोपित कसैलाई प्रहरीले हालसम्म गिरफ्तार गर्न सकेको छैन। उक्त मुद्दा प्रतिवादीहरू गिरफ्तार नै नगरी रौतहट जिल्ला अदालतमा फाइल पेश गरियो। पीडकहरू हालसम्म अदालतमा हाजिर नभई फरार रहेको जिल्ला अदालतले जनायो। पीडितको जिल्ला अस्पताल गौरमा उपचार भयो।

रौतहट

पोठीयाही गाविस-१ की ४० वर्षीया अकलिमा खातुनलाई ०६८ चैत ३० गते सोही ठाउँका ६० वर्षीय नेक महमद मिया दर्जी, ४० वर्षीय मञ्जुर मियाँ दर्जी, ३५ वर्षीय बजिर मियाँ दर्जी र २५ वर्षीय अब्दुल मियाँ दर्जीले कुटपिट गरी गर्भपतन गराएको आरोपमा पीडितले ०६९ बैशाख २७ गते जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी दर्खास्त दर्ता गराइन्। घरायसी विवादका कारण अभियुक्तहरूले पीडितको घरमा गई राति ८ बजेको समयमा लाती, मुक्काले कुटपिट गर्दा आठ हप्ताको गर्भपतन भएको पीडितले बताइन्। पीडितको गौर अस्पतालमा उपचार भयो। प्रहरीले पीडकहरूलाई बैशाख २८ गते गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दा चलाएकोमा रौतहट जिल्ला अदालतको आदेशले उनीहरू जनही ६ हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए।

दुर्व्यवहार

धादिङ

मुरलीभञ्ज्याङ गाविस-३ अमेरुवा की २० वर्षीया बिन्दा विकलाई ०६९ वैशाख १२ गते बोक्सीको आरोपमा पति २२ वर्षीय तेजमणी विकलगायतका परिवारले कुटपिट गरी घरनिकाला गरे। पति तेजमणिको शरीरमा फोका आएकोले बिन्दाले नै बोक्सी लगाएको भन्दै पटकपटक कुटपिट गर्ने गरेको पीडितले बताइन्। पीडितलाई घर निकाला गरेपछि सदरमुकामस्थित जिल्ला प्रहरी कार्यालयमा पुगेर सोही दिन जाहेरी दर्ता गराइन्। प्रहरीले पीडक तेजमणिलाई वैशाख १४ गते गिरफ्तार गरेकोमा १५ गते आइन्दा यस्तो घटना नगर्ने सहमति पछि मिलापत्र भयो। पीडित बिन्दाको जिल्ला अस्पतालमा उपचार भयो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सिन्धुपाल्चोक

जलवीरे गाविस-४ की ४५ वर्षीया एकल महिलालाई बलात्कार गरेको आरोपमा सोही ठाउँका ३३ वर्षीय साजन श्रेष्ठलाई ०६८ चैत २१ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित महिलाको भनाइ अनुसार पीडक श्रेष्ठले मदिरा सेवन गरी २० गते राति घरमा प्रवेश गरी मुख थुनेर जबरजस्ती बलात्कार गरेका थिए। बलात्कार बिरुद्ध चैत २१ गते ईलाका प्रहरी कार्यालयमा पीडितले उजुरी गरेपछि पीडक श्रेष्ठलाई प्रहरीले गिरफ्तार गरेको थियो। पीडक श्रेष्ठले यसभन्दा अघि पनि पटकपटक पीडित महिलामाथि यौन हिंसा गर्दै आएको स्वीकार गरे। हाल पीडक श्रेष्ठ पुर्पक्षका लागि थुनामा छन् भने पीडित चौतारास्थित महिला पुन:स्थापना केन्द्रमा रहेकी छन्।

मकवानपुर

फापरवारी गाविस–७ की २६ वर्षीया एक महिलालाई ०६९ बैशाख २९ गते सोही स्थान बस्ने ३१ वर्षीय दिपक लामाले बलात्कार गरे। पीडक लामालाई प्रहरीले सोही दिन गिरफ्तार गरिएकोमा जिल्ला अदालत मकवानपुरको ०६९ असार १ गतेको आदेश अनुसार पुर्पक्षका लागि थुनामा राखिएको छ।

धादिङ

गोगनपानी गाविस-८ की एक ४५ वर्षीया अपाङ्ग महिलालाई ०६९ असार १६ गते सोही ठाउँका ३८ वर्षीय

रामबहादुर सुनारले माथिल्लो तलामा कसिङ्गर लगाउँदै गर्दा बलात्कार गरे। घरमा कोही पनि नभएको अवस्थामा घरभित्र पसेर महिलालाई बलात्कार गरेको देखेर परिवारका सदस्य र छिमेकीले हारगुहार गरेपछि पीडक सुनार लुगासमेत नलगाई भागेका थिए। पीडित परिवारले ०६९ असार १९ गत जिल्ला प्रहरी कार्यालयमा पीडक सुनारलाई कारबाही गर्न माग गर्दै जाहेरी दिए। घटनाका आरोपि सुनार फरार छन्।

काभ्रे

श्यामपाटी सिमलचौर गाविस-३ की ६७ वर्षीया एक महिलालाई ०६९ वैशाख १० गते बिहान नजिकैको आरुबोटबारीमा घाँस काट्न गएको समयमा सोही ठाँउ बस्ने ३५ वर्षीय अजय लामाले बलात्कारको प्रयास गरे। पीडित महिलाले ०६९ वैशाख ११ गते प्रहरी कार्यालयमा उजुरी गरेकोमा प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। मादकपदार्थ खाएर बलात्कार गर्न खोज्दा भतिजीहरूले देखेपछि आफू उम्किएको पीडित महिलाले बताइन्। पीडित महिलाको ०६९ वैशाख १० गते परोपकार प्रसुती तथा स्त्रीरोग अस्पताल काठमाडौंमा स्वास्थ्य जाँच गराउँदा स्वास्थ्य साधारण रहेको र दायाँ पिडुँलामा घिस्रिएको घाउ भएको प्रतिवेदनमा उल्लेख छ। जिल्ला न्यायाधिवक्ताको कार्यालयले ०६९ जेठ १ गते उक्त मुद्दालाई अदालतमा पेश गरेकोमा जिल्ला न्यायाधीश दीपेन्द्र अधिकारीको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

चितवन

पटिहानी गाविस-८ की ४५ वर्षीया फूलमती महतोलाई घाँस काट्न निकुञ्ज छेउको सामुदायिक वनमा गएको अवस्थामा ०६९ वैशाख ३० गते चितवन राष्ट्रिय निकुञ्जमा कार्यरत जम्दार चित्रबहादुर प्रधानले कुटपिट गरी बलात्कारको प्रयास गरेको पीडितले बताइन्। घाँस काट्न निकुञ्ज छेउको बेलसरी सामुदायिक वनमा पुगेकी महतोलाई निकुञ्जको सुरक्षार्थ खटिएका सेनाको जवानले यौन सम्पर्कको लागी प्रस्ताव राख्दा उनले अस्वीकार गरेपछि सेनाले उनलाई दुर्व्यवहार गरेको पीडितले बताइन्। फुलमतीले गुहार माग्दा सेनाले ढाँड र खुट्टामा लौराले र छातीमा मुड्कीले हिर्काउँदा उनी घाइते भएकी थिइन्। कुटपिटका कारण घाइते महतोलाई वैशाख ३१ गते परिवारको सहयोगमा भरतपुर मेडिकल कलेजमा, सेनाको सहयोगमा जेठ १ गते नारायणी सामुदायिक अस्पताल र जेठ ८ गते भरतपुर मेडिकल कलेजमा सामान्य उपचार भयो। तर, त्यो उपचारले पनि उनको घुँडा ठिक नहुँदा उनी हिँड्नै नसक्ने अवस्थामा पुगेपछि इन्सेक र विभिन्न स्थानीय समूहको सहयोगमा ०६९ जेठ १३ गते उनलाई थप उपचारको लागी भरतपुर अस्पतालमा भर्ना गरिएको थियो। पीडितको उपचार खर्च नन्दबक्स गणद्वारा गरिएको नन्दबक्स गणका क्याप्टेन हरि केसी खड्काले बताए। पीडक चित्रबहादुरलाई विभागीय कारबाहीमा पठाइएको क्याप्टेन खड्काले जानकारी दिए।

घरेलु हिंसा

सिन्धुली

कल्पवृक्ष गाविस-१ की ४९ वर्षीया गङ्गादेवी बललाई ०६९ जेठ ८ गते पति ४५ वर्षीय लालकान्छा बलले कुटपिट गरी मारेको आरोपमा प्रहरीले जेठ १२ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम जेठ ९ गते सिन्धुली जिल्ला अस्पतालमा गरिएको थियो। आरोपितलाई सिन्धुली जिल्ला अदालतको ०६९ असार ६ गते आदेश अनुसार पुर्पक्षको लागि कारागारमा राखिएको छ।

बहुविवाह

सिन्धुली

नेत्रकाली गाविस-६ का २९ वर्षीय तिर्थलाल श्रेष्ठले ०६८ चैत २६ गते काभ्रे जिल्लाकी सपना थिङ्गसँग दोश्रो बिबाह गरेको भनी जेठी पत्नी चन्द्रकला श्रेष्ठले ०६९ जेठ ४ गते जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा उजुरी दर्ता गरिन्। पीडित चन्द्रकलाका अनुसार पतिले फागुनदेखि कुटपिट तथा दुर्व्यबहार गर्न थालेको, बेला-बेलामा परिवारका सदस्यहरू मिलेर शारीरिक तथा मानसिक यातना दिने, घरका कोही बिरामी परेमा बोक्सीको आरोप लगाई कुटपिट गर्ने गरेको र गाविसका मुखियालाई छोडपत्रको कागज बनाउन लगाई जबरजस्ती सही गर्न लगाई सोहीदिन पतिले अर्को पत्नी भित्र्याई आफुलाई घर निकाला गरेको पीडितले बताइन्। पीडित चन्द्रकलाले बहुविबाहको जाहेरी दिएको र कारबाहीको प्रक्रियामा रहेको प्रहरीले जनायो। पतिलाई कानूनी कारबाही गरी आफुलाई उचित न्यायका लागी आवश्यक पहल गरीदिन पीडित अहिले जिल्लाका महिला सञ्जाल तथा अधिकारकर्मीहरू कहाँ धाइरहेकी छिन्। प्रहरीले आरोपितलाई गिरफ्तार गर्न सकेको छैन।

सिन्धुपाल्चोक

ठूलोसिरुवारी गाविस-३ कार्कीछापका २३ वर्षीय सन्तोष गिरीले घरमा पत्नी हुँदाहुँदै ०६८ चैत २१ गते दुबाचौर गाविस केउरिनीकी २० वर्षीया सानो गिरीसँग बहुविवाह गरे। पीडित शान्ताले ०६८ चैत २५ गते साँगाचोक प्रहरी चौकीमा पति बिरुद्ध बहुविवाह गरेको भन्दै उजुरी गरिन्। सोही उजुरीका आधारमा पीडक दुबै जनालाई प्रहरीले ०६९ चैत २५ गते घरबाट गिरफ्तार गरेको थियो। पीडकहरू अदालतको आदेशले सामान्य तारेखमा रिहा भए।

सबै प्रकारका जातीय विभेद

धादिङ

ढोला-८ कामीगाउँकी १५ वर्षीया लक्ष्मी विकलाई ०६९ जेठ १५ गते धारामा पानी छोएको निहुँमा सोही गाउँकी कान्छी

श्रेष्ठ (नेवारी कान्छी) ले निर्घात कुटपिट गरिन्। आफूले भरेको गाग्रीमा पानीको छिटो परेको भन्दै सोमवार विकलाई धार मै कुटपिट गरेकी थिइन्। नेवारी कान्छीको कुटपिटबाट घाइते भएकी विकलाई उपचार गर्न जिल्ला सदरमुकाम धादिङबेशीमा ल्याइएको थियो। कुटपिटबाट घाइते भएकी पीडित विकको आमा सूर्यमाया विकले आफुहरू अन्ययामा परेको भन्दै न्याय दिलाइ दिन जिल्लाका मानवअधिकारकर्मी तथा सञ्चारकर्मीसँग अपिल गरिन्। नेवार र कामी समुदायले वर्षैदेखि एउटै धारामा खादै आएको माथिल्लो नेवार धारामा पानी भर्दै गर्दा नेवारी कान्छीले मेरो भरेको पानीको गाग्रीमा छोएको पानी पऱ्यो भन्दै कठालो समातेर कुटपिट गरेको पीडित विकले बताइन। 'सानो जात भएर ठूला जातको पानी छुन हुँदैन' भन्ने थाहा छैन भन्दै कुटपिट गरेको पीडितले भनिन्, 'गाउँका हिरा विक र कोपिला विक दिदीहरू नआएको भए मलाई मार्थी होला।'

सानो जातले हाम्रो पानी छुन हुँदैन भन्ने थाहा छैन भन्दै नेवारी कान्छीको माइलो छोरा शिवकुमार श्रेष्ठले लक्ष्मीलाई काट्नको लागि हतियार प्रयोग गर्न समेत आमालाई अनुरोध गरेको पीडित परिवारको भनाइ थियो। पानी छोएको निहुँमा कुटिएपछि विद्यालय जान समेत नसकेको पीडितकी आमा सुर्यमायाले बताइन्। पीडतले अहिले गाउँ नजिकै भएको कालिका माबि कक्षा चारमा अध्ययनरत छिन्। कुटपिटबाट विद्यालय जान नसकेपछि पढाइबाट समेत पीडित बञ्चित हुँदै आएकी छन्। माथिल्लो नेवार धाराको पानी सात घर कामी समुदाय र सात घर नेवार समुदायले प्रयोग गर्दै आएका छन्। देश छुवाछुत मुक्त राज्य भैसकेको बेलामा पनि छुवाछुतका घटना भएको भन्दै जिल्लाका दलित सङ्घ सस्थाले आपत्ति जनायो।

द्वन्द्वको क्रममा भएका मानवअधिकार तथा मानवीय कानूनको गम्भीर उल्लङ्घनमा संलग्न दोषी विरुद्ध जवाफदेहिता सुनिश्चत गरी पीडितलाई न्यायको प्रत्याभूति गरिनु पर्दछ । जस्ले गर्दा मुलुकमा दिगो शान्ति संस्थागत गर्न सकिन्छ। द्वन्द्वरत वा द्वन्द्वको तत्काल पछि सङ्क्रमणकालीन न्यायअन्तर्गत यस्ता विषयहरूको सम्बोधन गरि मुलुकलाई राष्ट्रिय मेलमिलापतर्फ अगाडि बढाउन सकिने भएकोले विश्वका भेरै मुलुकहरूमा सङ्क्रमणकालीन न्याय सफल भएका उदाहरण छन् ।



सङ्क्रमणकालीन न्यायसम्बन्धी संयन्त्रका सम्बन्धमा अन्तर्राष्ट्रिय अनुभवहरूका बारेमा जानकारी दिने उद्देश्यले यो पुस्तक तयार गरिएको हो। विगतमा भएका मानवअधिकार उल्लङ्घन र अपराधका सम्बन्धमा न्याय प्राप्तिका लागि र जवाफदेहिता सुनिश्चित गर्न सङ्घर्षरत विश्वका विभिन्न मुलुकमा प्रयोग गरिएको सङ्क्रमणकालीन न्यायसम्बन्धी प्रक्रिया र संयन्त्रहरूका बारेमा जानकारी हुने आशा राखिएको छ। यो पुस्तकले सङ्क्रमणकालीन न्याय विधिका बारेमा संक्षिप्त परिचय, यससम्बन्धी संयन्त्र र धारणाबारे सामान्य जानकारी दिनेछ।

समग्र रूपमा सङ्क्रमणकालीन न्यायको विषय राजनीतिक सन्दर्भमा धेरै हदसम्म गाँसिएको छ। तसर्थ सङ्क्रमणकालीन न्यायका बारेमा छलफल गर्दा राजनीतिक सङ्क्रमण, शान्ति निर्माण, संस्थागत सङ्गठन र कानुनी सुधार एक आपसमा जोडिएका भए तापनि यी विषयहरू यस पुस्तकको क्षेत्रभन्दा बाहिर छन्।

सरकार र नेकपा माओवादीले २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि सशस्त्र द्वन्द्वको औपचारिक रूपमा अन्त्य त भयो। तर, सम्झौतामा उल्लेख भएबमोजिम बलपूर्वक बेपत्ता पारिएका मानिसहरूको अवस्था ६० दिनभित्र सार्वजनिक गरिने प्रतिबद्धताको कार्यान्वयनको प्रतीक्षामा पीडितका परिवार छन्। यस पुस्तकमा राज्यपक्षबाट र तत्कालीन विद्रोही पक्षबाट गरी बलपूर्वक बेपत्ता पारिएका ५ सय ३५ जनाको अद्यावधिक विवरण समाविष्ट छ। शान्ति सम्झौता भएको चार वर्ष पुग्दा पनि उनीहरूको अवस्थाका पत्ता लगाउने कार्यमा राज्य तथा राजनीतिक दलले उल्लेख्य काम गर्न सकेका छैनन्। त्यसैले हामी सबैले सोधौं– उनीहरू कहाँ छन् ?